कान्तिपुर सोमबार, २० जेठ, २०५९
KANTIPUR, Monday, June 3, 2002

# नेपाली सिर्जनासाथ चार कलाकर्मी जर्मनी जाने

काठमाडौं, १९ जेठ (कास)- चार युवा कलाकर्मीको तेन्ह दिनअघि भक्तपुरमा सुरु भएको संयुक्त कला प्रदर्शनी आइतबार सम्पन्न भयो। मूर्तिकलाका माध्यमबाट हिन्दु र बौद्ध धर्मको समान विशेषता झल्काउने 'आस्थाहरूको मिलन' शीर्षक प्रदर्शनीको १३ सय बढी दर्शकले अवलोकन गरेका थिए।

युवा कलाकर्मी सुरजा वज्राचार्य, राधेश्याम शिल्पकार, रवीन्द्र पुरी र इन्द्रकाजी शिल्पकारका फरक माध्यम तर समान विशेषताका ३० सिर्जनामा धार्मिक र आध्यात्मिक महत्त्व राख्ने आकृति र शान्ति प्रतीकको विशेषता झल्काइएको छ। ग्रेनाइट, सेतो ढुंगा, माटो, काठलगायतका माध्यममा दुई वर्षयता सिर्जना गरिएका यिनै सिर्जना लिएर जर्मनीका विभिन्न सात सहरमा जेठ ३१ देखि तीन महिनासम्म प्रदर्शनी तथा बिक्री जारी रहने कलाकर्मी पुरीले *कान्तिपुर*लाई बताए।

विशुद्ध नेपाली कलाकौशल, सामग्री र विशेषताले भरेर गत वर्ष भक्तपुर नगरकै 'नमुना घर' निर्माण गर्ने पुरीले दत्तात्रेयस्थित त्यही घरमा प्रदर्शनी आयोजना गरेका थिए। 'अहिले आस्थाको मिलन चाहिने बेला हो, शान्ति र स्थिरता प्राप्तिका लागि यो अपरिहार्य कुरा हो,' कलाकर्मी सुरजा वज्राचार्यले भनिन्। लैनसिंह वाङदेल, मनुजबाबु मिश्र, जर्मन राजदूत भोल्फ रुडिगर लेम्पलगायतका विशिष्ट व्यक्तिसहित विभिन्न विद्यालयका विद्यार्थीको दिनहुँ घुइँचो लागेको थियो।

छ वर्षअघि नेपाल-जर्मन सप्ताहको आयोजना गरेर नेपाली कला सिर्जनालाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन पहल गर्ने यी चार कलाकर्मीले आफ्नो धार्मिक आस्थामा नबाँधिएर हिन्दु वा बौद्ध दुवै धर्मका प्रतीक सिर्जना बनाएका छन्। यीमध्ये दुवै धर्मका तपस्वीको चिन्तन मुद्राको मूर्तिचित्रमा लेखिएको छ– 'म यो राष्ट्रका बारे निरन्तर चिन्ता गरिरहेछु।'